संसारका मजदुरहरू एक होऔं !    मार्क्सवाद-लेनिनवाद-माओवाद/विचार जिन्दावाद !!

# एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी)

Unified Communist Party of Nepal (Maoist)

**केन्द्रीय समिति**

Central Committee

## श्रद्धाञ्जली वक्तव्य

हाम्रो महान् तथा गौरवशाली पार्टी एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का केन्द्रीय सल्लाहकार तथा अखिल नेपाल किसान संघ (२००७) का केन्द्रीय उपाध्यक्ष क. दुर्गादत्त अधिकारीको यही २०६६ मंसिर १ गते राति १२ बजे उपचारको क्रममा कोहलपुर मेडिकल कलेजमा असामयिक निधन भएको खबरले हाम्रो पार्टी स्तब्ध र दुःखी भएको छ । हाम्रो पार्टी क. दुर्गादत्त अधिकारीप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ र शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछ ।

२०२८ सालमा क. पुष्पलाल समूहबाट सदस्यता लिई, नेपाल मजदुर किसान पार्टी, सर्वहारा श्रमिक संगठन, एकता केन्द्र मसाल हुँदै २०६३ पौषमा एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी)मा प्रवेश गर्नुभएको थियो । गुलरिया नगरपालिका वार्ड नं. १, खैरापुर बर्दियामा बसोबास गर्दै आउनुभएका क. दुर्गादत्त अधिकारी एक जोदाहा क्रान्तिकारी भएकै कारण पञ्चायतकालमा पटक-पटक जेल पर्नुभएको थियो । मजदुर किसानको पक्षमा अवाज बुलन्द गर्दै आउनुभएको क. दुर्गादत्त हाल अखिल नेपाल किसान संघ (२००७) मा रही सक्रिय काम गर्दै आउनुभएको थियो । उहाँका एक श्रीमती दुई छोरा र दुई छोरीमध्ये एक छोरीको जनयुद्धको क्रममा भएको गौरवमय साहदतले परिवारिक मर्यादालाई शहिद परिवारमा दर्ज गरेको छ । हाम्रो पार्टी एक इमान्दार तथा कर्मठ सहयोद्धा गुमाउनु परेकोमा पुनः एकपटकगहिरो दुःख प्रकट गर्दछ ।

मिति : २०६६ साल मंसिर २ गते

(दीनानाथ शर्मा)
प्रवक्ता